"समृद्ध खाँदबारी नगर"

# खाँदवारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
खाँदवारी, सङ्खुवासभा

१ नं. प्रदेश, नेपाल ।

## *प्राविधिक सहायक पदको लागि करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।*

*(प्रथम पटक प्रकाशित मिति २०७८/०८/२० गते)*

यस नगरपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि करारमा तपसिलमा उल्लिखित पद रिक्त रहेको हुनाले देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा **युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रिया**मा उल्लेख भए बमोजिमको ढाँचामा दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**विज्ञापन नं. :- ७/०७८/७९ पद :- प्राविधिक सहायक तहः सहायक पाचौ माग पद संख्या :- १ (एक)**

१. आबश्यक न्युनतम योग्यता र अनुभव :-

क) सिभिल इन्जिनियरिङ्ग बिषयमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण गरेको ।

ख) अनुभव र सीप : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आबश्यक पर्नेछ ।

- कम्तिमा तिन महिना तालिम लिई आधारभुत कम्प्युटर सीप भएको ।
- पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

ग) उमेर : १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

२. दरखास्त दिने स्थान : खाँदवारी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, खाँदबारी, संखुवासभा ।

३. दरखास्त दिने अन्तिम मिति : २०७८ पौष ५ गते कार्यालय समयभित्र ।

४. आवेदन शुल्क :रु. ५,००।- (पाँच सय मात्र)

५. परीक्षाको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परिक्षा ।

६. दरखास्त साथ संलग्न पेश गर्नुपर्ने आवश्यक कागजातहरु: आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातहरु

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
- शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपिहरु
- अनुभव खुल्ने कागजात सहित रितपूर्वक भरिएको आवेदन फारम ।

७ . सेवा सुविधा : गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२), (१३) बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण : गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

**(नोटः आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।)**

२०७८।८।२०

ओमप्रसाद सुवेदी
(ओमप्रसाद सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत